आज मिति २०८१/०१/२० गते बिहिबारका दिन थलारा गाउँपालिका गाउँ कार्यपालिकाका अध्यक्ष श्री प्रकाश बहादुर रोकाया ज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसि तपिसलको उपस्थितिमा निम्नानुसारका निर्णय गरियो।

तपसिल

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | प्रकाश बहादुर रोकाया | अध्यक्ष | |
| २. | राम बहादुर खाती | उपाध्यक्ष | |
| ३. | रबिन्द्र जोशी | सदस्य | |
| ४. | रबिन्द्र खाती | सदस्य | |
| ५. | प्रकाश भण्डारी | सदस्य | |
| ६. | रामचन्द्र जोशी | सदस्य | |
| ७. | नर बहादुर खाती | सदस्य | |
| ८. | अनिल कुमार बिष्ट | सदस्य | |
| ९. | किस्ने सार्की | सदस्य | |
| १०. | टिकाराज जोशी | सदस्य | |
| ११. | लोकेन्द्र बहादुर विष्ट | सदस्य | |
| १२. | रम्भा देवी कामी | सदस्य | |
| १३. | हेमन्ती देवी सिंह | सदस्य | |
| १४. | सुनिता देवी गिरी | सदस्य | |
| १५. | कमला कुमारी उपाध्याय जोशी | सदस्य | |
| १६. | विर्ख बहादुर मिजार कामी | सदस्य | |
| १७. | ज्ञानु दमाई | सदस्य | |
| १८. | सिद्धराज पण्डित | सचिव | |

अन्य उपस्थिति

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | | | |
| | | | |
| | | | |

CamScanner

## मिति २०८०।०१।२० गते बसेको कार्यपालिका बैठकका निर्णयहरु

थलारा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

**निर्णय नं.१ उद्योग ग्राम सम्बन्धमा।**

थलारा गाउँपालिकामा संचालन हुने उद्योगलाई व्यवस्थित तथा प्रभावकारी बनाउन उद्योग ग्रामको आवश्यकतालाई दृष्टिगत गरी पालिकाको वडा नं ३ अन्तर्गतको पिपलतोला क्षेत्रलाई उद्योग ग्राम संचालन क्षेत्र तोकी आवश्यक प्रक्रिया अगाडी बढाई संचालनको लागि आवश्यक हुने बजेटको लागि संघीय सरकारलाई आग्रह गर्ने निर्णय गरियो ।

**निर्णय नं.२ आयोजना बैंक संचालन सम्बन्धमा।**

थलारा गाउँपालिकाबाट संचालन हुने योजना तथा कार्यक्रमलाई व्यवस्थित रुपमा संचालन गर्न आयोजना बैंकको स्थापना गरी मिति २०८१।०२।१० गते भित्र योजना तथा कार्यक्रम संकलन गरी पालिकामा पठाईसक्न सम्पुर्ण वडाहरुलाई परिपत्र गर्ने निर्णय गरियो।

**निर्णय नं.३ अपुग रकम भुक्तानी सम्बन्धमा।**

देविथान मेलाको अवसर पारी बझाङ्ग चैनपुरमा आयोजित भलिवल प्रतियोगितामा पालिकाको प्रतिनिधित्व गर्दै सहभागी भलिवल टिमलाई आर्थिक व्यवस्थापनको लागि कार्यपालिकाको निर्णयबाट रकम छुट्याईएकोमा उक्त रकम अपुग भएकोले पालिकाको कला साहित्य शिर्षकमा विनियोजित रकमबाट भुक्तानी हुने गरी रु ६०,०००।- अक्षरुपी एक लाख रकम सहयोग गर्ने निर्णय गरियो।

**निर्णय नं.४ गाउँपालिकाको नियमित गतिविधिको समिक्षा सम्बन्धमा।**

थलारा गाउँपालिका तथा अन्तर्गतका कार्यालयबाट प्रवाह हुने नियमित कामकाजका सम्बन्धमा आवश्यक छलफल गरी समिक्षा गरियो साथै सेवा प्रवाहका सन्दर्भमा देखिएका कमिकमजोरीहरुलाई हटाउँदै नागरिकले पाउने सेवालाई अझै व्यवस्थित तथा प्रभावकारी बनाउने निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत

CamScanner